## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रैनादेवी छहरा गाउँपालिका

पाल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रैनादेवी छहरा गाउँपालिका

पाल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

(लुम्बिनी प्रदेश)


पत्र संख्याः २०७९।८०
च.नं. १०७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रैनादेवी छहरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
पाल्पा ।

**कैफियत सहितको राय**

हामीले रैनादेवी छहरा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ७३ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रु.६ लाख ७७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.७३ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.९३ लाख ८४ हजार रहेको छ । पालिकाको गत वर्ष सम्म रु.१४ करोड ८३ लाख ८ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फस्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ५६ लाख ९६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

रैनादेवी छहरा गाउँपालिका, पाल्पा

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३७ | ४७ | १७३८८ | ० | ० | ० | ३७ | ४७ | १७३८८ | ६७७ | ९३८४ | ७३२७ | ० | ० | १६७११ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | नभएको | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| रैनादेवी छहरा गाउँपालिका, पाल्पा | १४८३०८ | ० | ० | १४८३०८ | ० | १७३८८ | १६५६९६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : रैनादेवी छहरा गाउँपालिका, पाल्पा , रैनादेवी छहरा गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजिव पन्थी | २०७८-८-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लिलामणि बस्याल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १७,३८७,८२० |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,८६,४५,९४५.४५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१,७४,५०,४४६ | **चालु खर्च** | ३८,१४,७९,५४२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,८२,७९,०५१ | **पूँजीगत खर्च** | १७,७३,१४,८७१ |
| **राजश्व बाँडफाँट** | ९,१८,९७,६२६.६ | **वित्तीय/अन्य व्यवस्था** | ७४,२७,१९८ |
| **आन्तरिक आय** | ६९,६५,६१० | | |
| **अन्य आय** | १,५६,९६,२२९.८२ | | |
| **कुल आय** | ५६,०२,८८,९६३.४२ | **कुल खर्च** | ५६,६२,२१,६११ |
| **बाँकी मौज्दात** | | २,२७,१३,२९७.८७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारको काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत 8 वडा, ४४ सभा सदस्य हाल ४3 जना, 175.88 वर्ग किलोमिटर क्षेत्रफल तथा 26 हजार 469 जनसंख्या रहेको छ। | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>शिक्षण सहयोग अनुदान बापत बढी निकासा रकम, भरपाई पेश नभएको छात्रवृत्ती बापतको रकम, निशुल्क पाठ्यपुस्तक, पारिश्रमिक कर, दोहोरो भत्ता सुविधा, सामाजिक सुरक्षा भत्ता, विद्यालयमा निकासा लगायतको समेत रु १२९६१५५/- संचितकोषमा दाखिला भएको छ । | |
| ३ | | | **स्थानीय संचित कोष** | |

क) **स्थानीय संचितकोष** : पालिकाको अर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्षको रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | **583428000.00** | **560288963.30** | **0.00** | **560288963.30** |
| **क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | | **583428000.00** | **547773351.30** | **0.00** | **547773351.30** |
| 1100 कर | 11 | 92677000.00 | 91897626.57 | 0.00 | 91897626.57 |
| 1300 अनुदान | | **479351000.00** | **445729496.91** | | **445729496.91** |
| संघीय सरकार | 12 | 444661000.00 | 417450445.91 | **0.00** | **417450445.91** |
| प्रदेश सरकार | 12 | 34690000.00 | 28279051.00 | **0.00** | **28279051.00** |
| १४०० अन्य राजस्व | 11 | 11400000.00 | 10146227.82 | **0.00** | **10146227.82** |
| कोषको बचत रकम सञ्चितकोष ट्रान्सफर | | | | 0.00 | |
| **ख. अन्य प्राप्ती** | | **0.00** | **12515612.00** | 0.00 | **12515612.00** |
| **कोषहरु** | | **0.00** | **4018865.00** | 0.00 | **4018865.00** |
| १ मर्मत सम्भार कोष | | | 2497240.00 | 0.00 | 2497240.00 |
| २ प्रकोप व्यवस्थापन कोष | | | 521625.00 | 0.00 | **521625.00** |
| ३ कर्मचारी कल्याण कोष | 24 | | 1000000.00 | 0.00 | **1000000.00** |
| **धरौटी** | | | 8496747.00 | 0.00 | **8496747.00** |
| **भुक्तानी (ग+घ)** | | **637294000.00** | **566221611.87** | **0.00** | **566221611.87** |
| **ग. भुक्तानी (संचित कोषबाट)** | | **637294000.00** | **561161135.87** | **0.00** | **561161135.87** |
| 21000 पारिश्रमिक/सुविधा | 18 | 238288000.00 | 224373186.19 | 0.00 | 224373186.19 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 22000 मालसामान तथा सेवाको उपयोग | 18 | 173494000.00 | 157106356.42 | 0.00 | 157106356.42 |
| 25000 सहायता | 18 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| २६000 अनुदान | 18 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 27000 सामाजिक सुरक्षा | 18 | 4140000.00 | 0.00 | 0.00 | 0.00 |
| 28000 अन्य खर्च | 18 | 2376000.00 | 2366722.00 | 0.00 | 2366722.00 |
| 31000 गैर वित्तिय सम्पती/पूँजिगत खर्च | 18 | 218996000.00 | 177314871.26 | 0.00 | 177314871.26 |
| निकासा फिर्ता सघीय सरकार | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| निकासा फिर्ता प्रदेश सरकार | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| **घ. अन्य भुक्तानी (१+२)** | | | **5060476.00** | **0.00** | **5060476.00** |
| **१ कोषहरु** | | | **3102109.00** | **0.00** | **3102109.00** |
| मर्मत सम्भार कोष | | 7455300.00 | 2436359.00 | 0.00 | **2436359.00** |
| प्रकोप व्यवस्थापन कोष | | 1770609.00 | 665750.00 | 0.00 | **665750.00** |
| कर्मचारी कल्याण कोष | | 0.00 | 0.00 | 0.00 | **0.00** |
| **२ धरौटी** | | **0.00** | **1958367.00** | **0.00** | **1958367.00** |
| कट्टी रकम दाखिला गर्न बाँकी | | 0.00 | 0.00 | 0.00 | **0.00** |
| **ङ. यो वर्षको बचत (न्युन)** | | **-53866000.00** | **-5932648.57** | **0.00** | **-5932648.57** |
| **च. गत वर्षको जिम्मेवारी रकम** | | **0.00** | **28645945.45** | **0.00** | **28645945.45** |
| १ सञ्चित कोष | | | 21291620.00 | | 21291620.00 |
| २ मर्मत सम्भार कोष | | | 245576.00 | | 245576.00 |
| ३ कर्मचारी कल्याण कोष | | | 3000000.00 | | 3000000.00 |
| ४ विपद व्यवस्थापन कोष | | | 155666.45 | | 155666.45 |
| ३ धरौटी | | | 3953083.00 | 0.00 | 3953083.00 |
| **वर्षान्तिको बाकी रकम (ङ+च)** | | **-53866000.00** | **22713296.88** | **0.00** | **22713296.88** |
| १ सञ्चित कोष | | | 7903835.93 | | 7903835.93 |
| २ कर्मचारी कल्याण कोष | | | 4000000.00 | | 4000000.00 |
| 3 मर्मच सम्भार | | **306456.50** | 306456.50 | | 306456.50 |
| ४ विपद व्यवस्थापन कोष | | | 11541.45 | | 11541.45 |
| ३ धरौटी | | | 10491463.00 | | 10491463.00 |
| **बैक तथा नगद बाँकी** | 24 | | **22713296.88** | **0.00** | 22713296.88 |

**ख) कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट सिम्यास मार्फत कारोबार भएका तर पालिकाको संचितकोषमा समावेश नहुने कारोबारहरुको विवरण निम्न अनुसार रहेको छ :**

| शीर्षक | वार्षिक बजेट | निकासा | खर्च | खर्च मध्ये पेस्की |
|---|---|---|---|---|
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सामाजिक सूरक्षा कार्यक्रम | ११२७५४२८० | १११२५५६०८ | १११२५५६०८ | ०० |
| गरिवसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | ४५५००० | ४५५००० | ०० |
| **जम्मा रु.** | | **१११७१०६०८** | **१११७१०६०८** | **००** |

४

**वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्
:

- पालिकाले गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी सञ्चितकोषको खाता राखेको छैन। लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरणमा सञ्चितकोषको आम्दानी रु. ५४७७७३३५१।३० उल्लेख गरेको छ ।पालिकाको लेखाप्रणाली व्यवस्थापन गर्ने SUTRA प्रणालीको म.ले.प.फा.न+ २७२ मा सञ्चितकोको आम्दानी रु. ५६९०६४४६८।८० रहेको छ।पालिकाले गत वर्षको सञ्चितकोषको मौज्दात रु. २१२९१६२० अन्य राजस्वमा समावेश गरेकोले सो रकमलाई घटाएकोले सुत्रसँग फरक परेको छ ।
- पालिकाले एकिकृत आर्थिक विवरणमा पूजीगत खर्च रु. १७,७३,१४,८७१।२६ देखाएकोमा सुत्रमा रू.१८९००१६१०।२६ देखिएको छ। पालिकाले गत वर्षको पेश्की फछ्र्यौट रु.११६८६७३९।०० बैक नगदी कितावमा खर्चमा समावेश गरेको र एकीकृत आर्थिक विवरणमा समायोजन गरी प्रस्तुत गरेकोले सुत्रमा भन्दा सोही रकम पूजीगत खर्चमा घटी देखिएको छ ।
- सञ्चित कोषको हिसाव फरक फरक देखिएकोमा पालिकाले खाता अद्यावधिक गरी हिसाव समायोजन गरेको छैन । सञ्चित कोषको हिसाव यकिन हुने गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ ।
- गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोषको मौज्दात रु. २,१२,९१,६२० र अन्य कोष तथा धरौटीको मौज्दात रु. ७३५४३२५ समेत रु. २८६४५९४५।४५ मौज्दात रहेकोमा पालिकाको म.ले.प.फा. २७२ मा रु. ४०९१४६७ मात्र जिम्मेवारी अ.ल्या. देखिएको छ । पालिकाले म्यानुअल रुपमा एकीकृत आ.वि. तयार गरी लेखापपरीक्षणको लागि पेश गरेको कारण समग्रमा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा हिसाब समायोजन गरी मिलान गरेको छ । लेखापरीक्षणमा पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार सुत्रमासमेत समायोजन गरी हिसाव अद्यावधिक गर्नु पर्दछ ।
- म.ले.प.फा.२७२ को अनुसूची २१ मा फिर्ता गर्न बाँकी रकम शून्य देखिएको छ । आर्थिक वर्ष भित्रै खर्च लेखैको कारण स्रेस्तामा फिर्ता गर्न बाँकी रकम शून्य देखिए तापनि संघीय सरकारको रु. ३,७१,६३,००० र प्रदेश सरकारको रु. ६४,१०,००० फिर्ता गर्न बाँकी अनुदानको चेक आर्थिक वर्ष भन्दा पछी २०७९।४।५ मा सम्वन्धित सरकारको सञ्चितकोषमा दाखिला भएको छ ।
- म.ले.प.फा.२७२ को अनूसूची २४ अनुसार विभिन्न कोषसमेत पालिकाको यस वर्षको मौज्दात बाँकी रु.१८७१३०९६।८८ रहेको देखिन्छ । पालिकाले पेश गरेको बैंक स्टेटमेन्ट अनुसार रु. २२७१३२९६।८८ देखिन्छ। जसअनुसार म.ले.प.फा.२७२ र बैंक स्टेटमेन्ट रु.४०,००,००० ले फरक देखिएको छ । पालिकाले म्यानुअली तयार गरेको एकीकृत आर्थिक विवरणमा रु. २२७१३२९६।८८ मौज्दात देखिएको छ । कल्याणकोषको रु. ४०,००,००० सुत्रमा समावेश नभएकोले

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उक्त मौज्दात फरक देखिएको छ।सुत्र वाहिर कोष खडा गरी सञ्चालन गर्ने प्रवृत्ति निरुत्साहित गर्नु पर्दछ । यसरी पालिकाको म.ले.प.फा.नं. २७२ ले कोषको यथार्थ विवरण प्रस्तुत गर्न सकेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ७ ऐन, २६ नियमावली, कार्यविधि निर्देशिका र नर्म्स समेत ३३ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १ करोड ६६ लाख ९८ हजार खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदनलाइ कारयान्वयन गर्नुपर्नेमा हालसम्म जिन्सी निरीक्षण गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट स्वीकृति तथा खर्च** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री चेत कुमारी थापाले २०७८।३।१० गते रु.६० करोड ६३ लाख ४८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:<br>
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>२२४</td><td>१३७८४३७९</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>२४३</td><td>४३५७७६१९</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>२३</td><td>१५७०८७५२</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>३</td><td>५७४२८६२</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४९३</td><td>७८८१३६१४</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.३</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४३५५९</td><td>३९०८७</td><td>७९।७६</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३५८१०३</td><td>३२२२८१</td><td>९०</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१५२९०२</td><td>१३३३६०</td><td>८७।२२</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>७१३०</td><td>६१९०</td><td>८६।८३</td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>७५६०९</td><td>७१९२६</td><td>९५।१३</td></tr>
<tr><td>जम्मा</td><td>६३७२९४</td><td>५७२८४७</td><td>८९।८८</td></tr>
</table>

पालिकाले उल्लेखित क्षेत्रमा बजेट विनियोजन गरी खर्च गरेको अवस्थालाइ विश्लेषण गर्दा पालिकाको विकास निर्माण हुने प्रमुख क्षेत्र पूर्वाधार क्षेत्रमा १५ करोड २९ लाख २ हजार बजेट विनियोजन गरेकोमा १३ करोड ३३ लाख ६० हजार खर्च भइ खर्च प्रतिशत अन्य क्षेत्रभन्दा न्यून ८७ प्रतिशत रहेको छ । पालिकाले पूजि निर्माण हुने तथा विकासको अनुभूति हुने क्षेत्रमा विनियोजन गरेको बजेटको खर्च प्रतिशतलाइ बढाउने तर्फ ध्यान दिनुपर्दछ ।साथै समग्र बजेट विनियोजन हेर्दा समेत ६३ करोड ७२ लाख ९४ हजार बजेट विनियोजन गरेकोमा ५७ करोड २८ लाख ४७ हजार खर्च गरी ८९।८८ प्रतिशत खर्च गरेको देखिन्छ । पालिकाले बजेट खर्च प्रतिशतलाइ बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>

**खर्च बिश्लेषण** – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ३७१९७५७०।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ५८६३००६२६ समेत रु ६२३४९८१९६ आम्दानी भएकोमा चालु तर्फ रु ३८३८४६२६४ र पूँजिगत तर्फ रु १८९००१६१० समेत रु ५७२८४७८७४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६।४९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ११५३०१५२ खर्च भएको छ जुन आन्तरिक आयको ३१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ९१।७६ प्रतिशत चालु र ८६।३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.५ | | | **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । प्रथम चौमासिकमा २ प्रतिशत दोस्रो चौमासिकमा २६ प्रतिशत र तेस्रो चौमासिकमा ७१ प्रतिशत पूँजिगत बजेट खर्च गरेको देखिन्छ । अषाढ महिनामा मात्र ३७प्रतिशत पूँजिगत खर्च गरेको देखिएकोले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पालिका पूँजिगत | १८९००१ | ३५२१ | ५००५३ | १३५४२६ | ७००९८ |
| | खर्च प्रतिशत | १०० | २ | २६ | ७२ | ३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **कर तथा राजस्व** | |
| ७.१ | | | **राजस्वको अभिलेख :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ राजस्वको अभिलेख व्यवस्थापनको सफ्टवयरमा दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), व्यवस्थित गरे तापनि राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | **आन्तरिक राजस्व अनुमान तथा असुली:** यो वर्ष गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट जम्मा रु. १२५०००००  आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु.६९६५६१० आम्दानी गरेकोले लक्ष्यको तुलनामा रु. ५५३४३९० (४४।२७ प्रतिशत) घटी आम्दानी गरेको देखियो । गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली विच ठुलो अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।<br>अस्वभाविक रुपमा राजस्व अनुमान गरी वजेटको दायरा वढाउने र घटी राजस्व असुली हुने आवस्थाले अनावस्यक र हचुवा कार्यक्रम वजेटमा समावेश हुने र ती कार्यक्रममा खर्च गर्न छुट्याएको बजेट आर्थिक वर्षमा रकमान्तर गरी अन्य कार्यक्रममा खर्च गर्ने जोखिम बढ्नुको साथै यस्तो अभ्यासले वजेटको मर्मलाई आत्मसाथ गर्न नसक्ने हुँदा राजस्व अनुमान र वजेट यथार्थपरक वनाउन पालिकाले ध्यान दिनु पर्दछ । | |
| ७.३ | | | **व्यवसाय कर :** पालिकाको आर्थिक ऐन २०७८ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ ।यो वर्ष पालिकाले व्यवसाय दर्ता गरी शुल्क सँकलन गरे पनि व्यवसाय कर असुल गरेको छैन । पालिका क्षेत्र भित्र साना होटल, कपडा पसल, जुत्ता चप्पल पसल, गहना पसल, गिफ्ट तथा खेलौना पसल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यवासाय कर उठाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.४</td><td></td><td></td><td>वित्तीय सेवा व्यवसाय कर: पालिकाको आर्थिक ऐन, २०७८ मा यो वर्ष वाणिज्य बैंकलाई रु. ७०००, विकास बैंकलाई रु. ५०००, वित्तीय कम्पनीलाई रु. ५००० र सहकारी सँस्थालाई रु. १००० वित्तीय सेवा व्यवसाय कर लगाउने उल्लेख छ । पालिकाको कार्यक्षेत्र भित्र रहेका देहायका बैक, वित्तीय कम्पनी तथा सहकारीहरु वाट यो वर्ष कर प्राप्त गरेको देखिएन । आर्थिक ऐन बमोजिम बक्यौता कर असुल गर्नु पर्दछ रु..
<table>
<tr><th>सि.नं.</th><th>वित्तीय सँस्थाको नाम</th><th>कर रकम</th></tr>
<tr><td>1.</td><td>नेपाल बैक लिमिटेड</td><td>७०००</td></tr>
<tr><td>2.</td><td>सिजिन बैक लिमिटेड</td><td>७०००</td></tr>
<tr><td>3.</td><td>ग्लोबल बैक लिमिटेड</td><td>७०००</td></tr>
<tr><td>4.</td><td>सूर्योदय लघुवित्त कम्पनी</td><td>५०००</td></tr>
<tr><td>5.</td><td>निर्धन उत्थान बैक</td><td>५०००</td></tr>
<tr><td>6.</td><td>ईन्फिनिटी लघुवित्त कम्पनी</td><td>५०००</td></tr>
<tr><td>7.</td><td>देउराली लघुवित्त कम्पनी</td><td>५०००</td></tr>
<tr><td>8.</td><td>उपकार लघुवित्त कम्पनी</td><td>५०००</td></tr>
<tr><td>9.</td><td>३३ सहकारी सँस्थाहरु</td><td>३३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७९०००</td></tr>
</table>
</td><td>७९,०००</td></tr>
<tr><td>७.५</td><td></td><td></td><td>सामुदायिक वन क्षेत्रको आय – स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ७४ सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अनुदान</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | **समपुरक कोष :** यो वर्ष पालिकालाई रु. १,६६,००,००० संघीय समपुरक कोषमा प्राप्त भएको देखियो । उक्त कोषबाट पालिकाले सुन्दरेढुङ्गा – जुठपौवा – सालझण्डी सडक निर्माणमा रु.२,७१,२६,६९६।– भुक्तानी र रु. ९,१८,४००।– पेश्कीसमेत रु. २,८०,४५,०९६।– खर्च गरेको देखियो । सो अनुसार संघीय समपुरक कोषमा निकासा दिएको रकमबाट रु. १,४०,२२,५४८।– मात्र खर्च लेखि रु.२५,७७,४५२।– सम्वन्धित सञ्चितकोषमा फिर्ता पठाउनु पर्नेमा लेखापरीक्षण अवधि (२०७९ भाद्र) सम्म पनि फिर्ता गरेको देखिएन ।उक्त रकम सम्वन्धित सञ्चितकोषमा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु... | २,५७७,४५२ |
| ८.२ | | | **गुणस्तर परीक्षण :** पालिकाले संघीय समपुरक सरकारवाट प्राप्त बजेटवाट निर्माण गरेको सुन्दरेढुङ्गा – जुठपौवा – सालझण्डी सडकको स्थलगत अवलोकन गर्दा निर्माण व्यवसायीले निर्माण कार्य गर्दा प्रयोग गरेको जालीमा ढुङ्गाको गुणस्तरहिन ढुङ्गा प्रयोग भएको र उक्त ढुङ्गा परिवर्तन गर्नुपर्ने देखिन्छ । पालिकाले यसमा निर्माण व्यवसयीलाइ त्रुटि सच्याउन पत्राचार गरिसकेको उल्लेख गरेकोमा कमसल निर्माण कार्य समयमा नै सच्याउन लगाउनु पर्दछ । | |
| ८.३ | | | **प्रदेश सरकार समपूरक अनुदान:** प्रदेश सरकारवाट प्राप्त समपूरक अनुदानवाट गरिने निर्माण कार्य सोहि आर्थिक वर्षमा पालिकाको साझेदारीमा समेत निर्माण गर्नुपर्ने र खर्च हुन नसकेको रकम प्रदेश सरकारलाइ फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रदेश सरकारवाट प्राप्त अनुदानमा पालिकाको साझेदारीवाट निर्माण कार्यको ठेक्का बन्दोवस्त गरेकोमा आर्थिक वर्षको अन्त्यमा निर्माण कार्य सम्पन्न नभएको र प्रदेश सरकारवाट सोहि निर्माण कार्यमा हालसम्म स्रोत सुनिश्चितता समेत नभएकोले तपिशल वमोजिमको निर्माण कार्य अलपत्र परेको देखिन्छ । पालिकाले म्याद थप नगरेको र हालसम्मको भुक्तानी गरेको कामको समेत उचित प्रयोग हुन नसक्ने अवस्था रहेकोले पालिकाले ठेक्का वन्दोवस्त गरेको निर्माण कार्य सम्पन्न गराउनु पर्दछ । | |

| ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | हालसम्मको भुक्तानी | भुक्तानी वाँकि | कैफियत |
|---|---|---|---|---|---|---|
| २०७८।७९।९ | नेपाने लिफ्ट खानेपानी योजना | भैरव निर्माण सेवा | ४०५३४६४ | २३८२३४८ | १६७१११६ | २०७९।६।१५ |
| २०७८।७९।२ | बलुखान कुसेरीचौर वडा भवन ढलान कार्य | रिजन निर्माण सेवा | २४६३८८६ | ४२०२४२ | २०४३६४४ | २०७९।५।१५ |
| जम्मा | | | ६५१६३५० | २८०२५९० | ३७१४७६० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | **शर्तभन्दा बढी खर्च :** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) बमोजिम सशर्त अनुदानको रकम तोकिएको शर्तको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को १.१.४.१ मा प्रारम्भिक बाल विकास शिक्षकको मासिक पारिश्रमिक बापत रु. ८०००/- तथा विद्यालय कर्मचारी तर्फ विद्यालय सहयोगीका लागि रु.८०००/- र विद्यालय सहायक कर्मचारीका लागि रु.१३५००/- मासिक पारिश्रमिक बापत १३ महिनाका लागि अनुदान उपलब्ध गराउने र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक रु.१५०००/- पुर्याउनका लागि आवश्यक बाँकी रकम स्थानीय तहले व्यहोर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई बाल विकास शिक्षक तथा विद्यालय कर्मचारीहरुका लागि रकम उपलब्ध गराउँदा पालिकाले व्यहोर्नु पर्ने रकम मध्ये रु.६४,०००/- सशर्त अनुदान तर्फ खर्च लेखि उपलब्ध गराएको देखिन्छ। सशर्त अनुदान तर्फबाट कार्यान्वयन पुस्तिकाले तोके भन्दा बढी खर्च गरेको रकम सङ्घीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ६४,००० |
| ९ | | | **कर्मचारी व्यवस्थापन** | |
| ९.१ | | | **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) मा कार्यालयले तलबी प्रतिवेदन पास नगराई खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। विगतका वर्षहरुमा कानूनी अस्पष्टताको कारण तलबी प्रतिवेदन पारीत नगराई खर्च लेखेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।०५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गराउनु पर्ने स्पष्ट निर्देशन प्राप्त भएकोमा सो निर्देशनको पालना भएको पाईएन। तसर्थ पालिका मन्त्रालयको निर्देशन बमोजिम तलबी प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्ने गर्नुपर्दछ।पालिकाले आ ब ०७8।79 को लागि तलबी प्रतिवेदन पारित नगरी रु ५ करोड ३५ लाख ३४ हजार तलब तथा ग्रेड रकम भूक्तानि गरेको कारण भूक्तानि भएको तलब तथा ग्रेड रकम एकीन गर्न सकिएन। | |
| ९.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४० जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ६ लाख ३१ हजार १ सय खर्च लेखेको छ । | |
| ९.३ | | | **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना सोको संचालन गर्ने सकने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकाले कर्मचारी कल्याण कोषमा रु.१०,००,००० दाखिला गरेको छ । तर कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्यविधि तयार गरेको देखिएन। तसर्थ नगरपालिकाले कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्य विधि तयार गरी उक्त रकम खर्च तथा परिचालन गर्ने गर्नु पर्दछ । | |
| १० | | | **आर्थिक सहायतता तथा विविध खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३० लाख २४ हजार ९ सय खर्च गरेको छ पालिकाले यस्ता प्रकारका खर्च नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १०.२ | | | **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. १ लाख खर्च गरेको पाईयो यस्ता खर्चमा पालिकाले नियन्त्रण गर्नुपर्दछ । | |

| गो भौ नं | कार्यक्रम | भूक्तानि लिने | रकम |
|---|---|---|---|
| ६६ | सराय नाच पञ्चेबाजा नारी दिवस तीज गीत न्वागी | प्रहरी चौकी मुझुङ्ग | १०००० |
| ३३९ | सराय नाच पञ्चेबाजा नारी दिवस तीज गीत न्वागी | भुपाल सिंह खाम्चा | २५००० |
| ४०३ | सराय नाच पञ्चेबाजा नारी दिवस तीज गीत न्वागी | सम्बन्धित | १५००० |
| ४२५ | सराय नाच पञ्चेबाजा नारी दिवस तीज गीत न्वागी | सम्बन्धित | २०००० |
| ७०९ | सराय नाच पञ्चेबाजा नारी दिवस तीज गीत न्वागी | सम्बन्धित | ३०००० |
| | जम्मा | | १००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.३ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले दीर्घरोग लागेकालाई आर्थिक सहयोग गर्ने उद्देश्यले कार्यविधि तयार गरी यस वर्ष रु.३ लाख आर्थिक सहायता वितरण गरेको छ । यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् व्यवस्थापन कोषको लागि छुट्याएको बजेट सोही कोषमा ट्रान्स्फर गरी खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस बर्ष विपद् व्यवस्थापनका लागि रु २००००० छुट्याएको तर सो कोषमा रकम ट्रान्स्फर नगरी चालु खर्च खाताबाट नै विभिन्न किसिमका विद्यालय वाल निर्माण, पानी ट्याङकी निर्माण लगाएतका बिपद् बाहेकका शीर्षकमा खर्च गरेको पाईयो।यस्तो खर्च गर्नु नियम सम्मत नदेखिएको रु | २००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>धरौटी: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) अनुसार धरौटी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरे पश्चात मात्र धरौटी फिर्ता गर्न सकिने व्यवस्था गरेको छ । साथै सोहि नियमावलीको उपनियम २क मा वाँकि ५० प्रतिशत धरौटी समेत कर समायोजन विवरण पेश गरेपश्चात मात्र धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले तपिशल वमोजिमको धरौटी कर समायोजन प्रमाण वेगर नै भुक्तानी गरेको देखिएकोले कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं र मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>धरौटी रकम</th></tr>
<tr><td>१२।२०७८।१०।१९</td><td>उदय कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ</td><td>४६८१७</td></tr>
<tr><td>११।२०७८।९।२९</td><td>नेत्र गंगा इन्जिनियरिङ</td><td>३७३८७०</td></tr>
<tr><td>२।२०७८।५।२३</td><td>रिजन निर्माण सेवा</td><td>१३८३८४</td></tr>
<tr><td>३।२०७८।६।५</td><td>ओम निर्माण सेवा</td><td>१५२५००</td></tr>
<tr><td>४।२०७८।६।५</td><td>अजय कन्स्ट्रक्सन</td><td>६३६८३</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७७५२५४</td></tr>
</table></td><td>७७५,२५४</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>विद्युत जरिवाना तिरेको<br>सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमानै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ। तर पालिकाले समयमै विद्युत महसुल नतिरी जरीवाना स्वरुप थप दस्तुर वापत गो.भौ. २४५ बाट रु ८०००० भुक्तानी गरेको छ । छनौटमा परेको भौचर परीक्षण गर्दा पालिकाले पालिका भवनको विजुलीको बिल तिर्न ढिलाई गरेको कारण रु ८०००० को बिलमा रु १८५७ जरिवाना तिरेको पाईयो।समयमै महशुल भुक्तानी गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>उपभोक्ता समिति</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १४.१ | | | **उपभोक्ता समिमितवाट खरिद**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितवाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने स्वीकृत गर्ने प्राविधिक सल्लाह दिने नापजाच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा पालिकाले ४९३ उपभोक्ता समितिवाट रु ७ करोड ८८ लाख १३ हजार वरावरको खरिद कार्य गरेको देखिन्छ । प्राय जसो उपभोक्ता समितिले ढलानको कार्य मेशिनरी कार्य ग्याविनको कार्य तथा भवन निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेकोमा उक्त निर्माण कार्यमा गर्नुपर्ने ल्याव परीक्षण नहुने हुदाँ उपभोक्ता समितिले गरेको कार्यमा गुणस्तर कायम हुन नसक्ने हुदाँ नियमावलीले गरेको व्यवस्था वमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिवाट नगर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १४.२ | | | **उपभोक्ता समिति दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ५०६ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ७८८१३६१४ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
